

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक ८ गते बिहीबार ❑ 24 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरा क्षेत्र भित्र उत्पादन हुने जेठोबुढो खाद्य व्यवस्था तथा व्यापार कम्पनीले खरिद गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ कार्तिक



पोखरा महानगरपालिका र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड बिच पोखरा महानगरपालिकाक्षेत्रभित्रउत्पादन हुने कृषि उपज खरिद सम्बन्धमा सम्झौता गरिएको छ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईको रोहबरमा गरिएको सम्झौतामा महानगरपालिकाको तर्फबाट आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरिया र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको तर्फबाट निमित्त प्रादेशिक प्रमुख रञ्जना के.सिले हस्ताक्षर गर्नुभएको हो।

सम्झौता अनुसार कम्पनीले महानगर क्षेत्रका कृषकहरूले उत्पादन गरेको स्थानीय रैथाने धान बाली जेठोबुढो खरिद समितिले तोकेको खरिद मूल्यमा खरिद गर्नेछ। यसका लागि महानगरपालिकाले वास्तविक कृषक पहिचान र खरिद समितिले तोकेको परिमाणमा धान खरिद गर्न कृषकहरूलाई कुपन उपलब्ध गराउनेछ। २०८२ आषाढ मसान्त सम्मका लागि गरिएको यो सम्झौता मुताबिक तत्काललाई स्थानीय रैथाने धान बाली जेठोबुढोको खरिद हुनेछ, भने आवश्यकता अनुसार अन्य रैथाने उत्पादनहरूको समेत खरिद गर्न सकिनेमा दुवै पक्षहरू सहमत छन्। कृषकहरूले आफ्नो खेतमा उत्पादन भएको धान महानगरपालिकाले तोकेको स्थान वा कम्पनीको बिरौटा र पृथ्वीचोकमा रहेको गोदामसम्म आफैले ढुवानी गर्नुपर्नेछ।सम्झौताले कृषकहरूको उत्पादनको बजारीकरण सुनिश्चित भएको नगर प्रमुख आचार्यले बताउनुभयो। 'कृषकहरूले उत्पादन गरेको धान बजारमा नबिक्ने हो की, भन्ने चिन्ताको यसले अन्त्य गरिदिएको छ, नगर प्रमुख आचार्यले भन्नुभयो, महानगर क्षेत्रमा उत्पादित रैथाने धान बाली जेठोबुढो खाद्य व्यवस्था तथा व्यापार कम्पनी मार्फत देशभरिका नागरिकहरूको चुलोमा पुग्ने अवस्था सुनिश्चित भएको छ ।' यसअघि महानगरपालिकाले जेठोबुढो धानलाई पोखराको पहिचानको रूपमा ब्राण्डिङ् गरी समर्थन मूल्य समेत तोकेर बजारीकरण गरिसकेको थियो । जेठोबुढो सहित अन्य ३५ प्रकारका कृषि उपजहरूको पनि समर्थन मूल्य तोकेर महानगरपालिकाले कृषकहरूका लागि न्यूनतम मुनाफा समेतको मूल्य सुनिश्चित गरेको छ । स्थानीय उत्पादन प्रवर्द्धन अभियान अन्तरगत कृषि उपजहरूको ब्राण्डिङ तथा बजारीकरण र रैथाने हाटबजार पनि सञ्चालन सञ्चालन गरिएको आर्थिक विकास महाशाखा प्रमुख कडरियाले बताउनुभयो । उहाँका अनुसार पोखरा महानगर क्षेत्रको करिब ४ हजार हेक्टर क्षेत्रफलमा जेठोबुढो लगाइएको छ भने, करिब १४ हजार मेट्रिक टन उत्पादन हुने अनुमान गरिएको छ।

महानगरपालिकाले तोकेको समर्थन मुल्यका आधारमा जेठोबुढो धान प्रतिक्विन्टल रु.९ हजार ५ सय र नेपाल खाद्य संस्थानले भने रु.११ हजार प्रतिक्विन्टलमा खरिद गर्दै आइरहेको छ। जेठोबुढो धानको स्वाद नै अन्य धानको भन्दा धेरै स्वादिलो हुने, उत्पादनको समय अन्य धानको भन्दा तुलनात्मक बढी लाग्ने, धान उत्पादन आधा कम हुने लगायत कारणले उत्पादन लागत नै बढी पर्ने भएकाले यस प्रजातिको धानको मूल्य बढी पर्न गएको कडरियाले बताउनुभयो ।

## धावक गोदारद्धारा काठमाडौंदेखि पोखरासम्मको दौड पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ कार्तिक



नेपाली सेनाबाट निवृत्त भई यूएईको सार्जा पोर्ट हाप म्याराथन दौड प्रतियोगितामा ह्याट्रिक पूरा गर्न सफल कास्की रुपा गाँउपालिकाका धावक अर्जुन गोदारले करिब साँढे दुई दिनमा काठमाडौंदेखि पोखरासम्मको २ सय किलोमिटरको दुरी दौडेर पूरा गर्नु भएको छ।

काठमाडौँको दशरथ रंगशाला देखि सोमबारदेखि सुरु भएको उक्त दौड बुधबार दिउँसो करिब २:०० बजे उहाँले उक्त दुरी पार गर्नु भएको हो । धावक गोदारलाई पोखरा रंगशालामा विभिन्न संघ संस्थाहरुले स्वागत तथा बधाई ज्ञापन गर्नु भएको छ । पोखरा रंगशालामा उहाँलाई कास्की आदर्श समाज युएई, कास्की जिल्ला एथलेटिक्स संघ, जिल्ला खेलकुद बिकास समिति, पोखरा उद्योग बाणिज्य संघ, लेखनाथ उधोग बाणिज्य संघ, लायन्स क्लव, भूपू सैनिक हवाई सुरक्षा समिति गण्डकी, फल्याङकोट समाज कास्की लगायतका संघ संस्थाले स्वागत तथा बधाई ज्ञापन गर्नु भएको थियो । उहाँलाई बाटो बाटोमा नेपाली सेनाको टोलीले स्वागत गरेको उहाँका सहयोगी विकास खड्काले जनाउनु भयो । आफ्नो दौडको उक्त अभियानमा सहयोग गर्नुहुने प्रति उहाँले धन्यवाद समेत दिनु भएको छ । जिल्ला खेलकुद बिकास समितिका कार्यालय प्रमुख सुन बहादुर लामा, कास्की जिल्ला एथ्लेटिक्स संघका पूर्व अध्यक्ष गज बहादुर गुरुङ, पोखरा महानगर खेलकुद बिकास समितिका निवर्तमान अध्यक्ष दीपक बहादुर गोदार लगायतका प्रतिनिधिहरुले अर्जुन गोदारलाई सम्मान गर्नु भएको थियो। काठमाडौँको दशरथ रङ्गशालाबाट सुरु भएको उक्त दौड पोखरा रंगशालमा आएर एक राउण्ड लागर समापन गर्नु भएको हो। दैनिक ७० किलोमिटर दौड पूरा गर्ने उहाँको योजना रहेको थियो यद्यपी उहाँले पहिलो दिन काठमाण्डौं देखि मजिमटारसम्म ८६ कलिोमिटर, दोश्रो दिन मजिमटार देखि दमौली ७४ किलोमिटर र तेश्रो दिनमा दमौली देखि पोखरा रंगशाला ५० किलोमिटर दुरी पार गर्नु भएको हो । उहाँलाई मोटरसाइकल राइडर सहितको एक टोलीले आवश्यक मेडिकल सहितको सुविधा समेत उपलब्ध गराइएको थियो। आफ्नो व्यक्तिगत खर्चमा उक्त दौड पूरा गर्नु भएको हो। कास्की रूपा गाउँपालिका १ फल्याङकोट निवासी ४४ वर्षीय गोदार नेपालको निकै चर्चित रुटमा पर्ने काठमाडौँदेखि पोखरासम्मको क्षेत्रमा सडक दुर्घटना बढी भएर धेरैको जनधनको क्षेती भएकोले शान्तिको कामना सहित स्वास्थ्यको लागि खेलकुद भन्ने नाराका साथ उक्त दौड पूरा गर्ने अठोट गर्नु भएको बताउनु हुन्छ । नेपाली सेनाको हवल्दार पदबाट निवृत भएका गोदार विगत ११ बर्ष देखि युएईको सार्जा पोर्टमा काम गर्दै आउनु भएको छ भने हाल केही दिनको बिदामा नेपाल आएको सर्न्दभमा उक्त दौडमा पुरा गर्ने अभियामना जुट्नु भएको हो । उहाँले हप्तामा कम्तिमा १ सय ५० किलोमिटर दौडदै आउनु भएको थियो। केही समय अघिदेखि काठमाडौँ पोखरा रूटमा दौडेर पार गर्ने लक्ष्य लिनु भएको गोदारले मौसम र प्राविधिक कारणले गर्दा बल्ल समय उपयुक्त भएको बताउनु भएको छ। पोखरा म्याराथनमा सहभागी हुने लक्ष्य लिनु भएको गोदारले केही समय अगाडि पोखरामा आयोजना भएको क्रस कन्ट्री पर्वतीय दौड प्रतियोगितामा समेत सहभागी हुनु भएको थियो । यसैबिच उहाँलाई सुरु देखि बाटो बाटोमा नेपाली सेनाको टोलीले स्वागत गरेको थियो। उहाँलाई बुधबार कास्कीमा रुपा गाउँपालिकाले समेत स्वागत गरेको छ । रुपा गाउँपालिकाका उपाध्यक्ष लाल सुब्बा गुरुङ सहितको टोलीले उहाँलाई स्वागत गर्नु भएको थियो । अर्जुन गोदारको दौडले पोखरामा हुने म्याराथन दौडलाई धेरै सहयोग हुने राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी संघ कास्कीका अध्यक्ष राजन पौडेलले बताउनु भयो।

## सत्तारूढ दल राष्ट्रिय मुद्दामा एक ढिक्का भएर प्रस्तुत हुने

**रासस**
काठमाडौं, ७ कार्तिक

सरकारलाई समर्थन गरिरहेका राजनीतिक दलहरूको आजको बैठकमा सरकारको सय दिनको प्रगति, समसामयिक घटनाक्रम र राष्ट्रिय हित एवं मुद्दामा समान धारणामा साथ एक ढिक्का भएर अघि बढ्ने विषयमा छलफल भएको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा आज भएको बैठकमा लोकतान्त्रिक पद्धति, विधिको शासन र जनतामा सेवा प्रवाहका विषयमा सरकार स्पष्ट भई दृढताका साथ काम गरिरहेको अवगत गराइएको छ। बैठकमा गृहमन्त्री रमेश लेखकले सहकारी अनियमिततासम्बन्धी संसदीय छानबिन समितिले सर्वसम्मत तयार पारेको प्रतिवेदन कार्यान्वयनका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वउपप्रधानमन्त्री रवि लामिछानेलाई अदालतको स्वीकृति लिई पक्राउ गरिएको जानकारी गराउनुभयो।

फौजदारी घटनामा न्यायिक छानबिन भइरहेका बेला अदालत र सरकारलाई दबाब दिने गरी भइरहेका विरोध प्रदर्शन उचित नभएको गृहमन्त्री लेखकले बताउनुभयो । यस्ता घटनाका विषयमा सत्तामा रहेका दलहरूले आफ्ना तर्फबाट वक्तव्य जारी गरी न्यायिक छानबिन र लोकतान्त्रिक पद्धतिलाई निष्पक्ष रूपमा अगाडि बढाउन आग्रह गर्ने विषयमा समझदारी भएको उहाँले बताउनुभयो।सरकारकोहालसम्मको काम, आगामी योजनालगायत विषयमा यही कात्तिक ९ गते अर्को बैठक बस्ने तय भएको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले जानकारी दिनुभयो । साथै साझा धारणा सार्वजनिक गर्ने पनि आजको बैठकबाट तय भएको उहाँले बताउनुभयो।

बैठकमा प्रधानमन्त्री ओलीले सत्ता समीकरणमा रहेका दलहरू एक ढिक्का भएर प्रस्तुत हुनुपर्नेमा जोड दिनुभयो । लोकतान्त्रिक पद्धति, मूल्य र मान्यताप्रति आफूहरू प्रतिबद्ध रहेको स्पष्ट गर्दै राष्ट्रिय सद्भाव र हितको रक्षाका प्रश्नमा कुनै सम्झौता नहुने उहाँले बताउनुभयो। "हामी लोकतन्त्रका लागि लडेका हौँ । हामीलाई लोकतन्त्र मात्रै स्वीकार्य छ।

अराजकता र अवाञ्छित क्रियाकलाप स्वीकार्य छैन । जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन आजीवन लागेका छौँ । हाम्रो यो प्रतिबद्धता र दृढतामा कुनै कमी आउँदैन। यसमा हामी स्पष्ट छौँ", प्रधानमन्त्री ओलीले भन्नुभयो।

बैठकमा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, गृहमन्त्री लेखक, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव पोखरेल, जनता समाजवादी पार्टीका सहअध्यक्ष रेणुकुमारी यादव, जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष राजकिशोर यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, जनमत पार्टीका अध्यक्ष डा सिके राउतलगायत सहभागी हुनुहुन्थ्यो।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## सरकारको सय दिन : दुई सय उद्योगमा ३४ अर्ब लगानीको प्रतिबद्धता

**रासस**
काठमाडौं, ७ कार्तिक

वर्तमान सरकारले कार्यभार सम्हालेको एक सय दिनको अवधिमा दुई सय उद्योगका लागि करिब रु ३४ अर्ब बराबरको लगानीको प्रतिबद्धता गरिएको छ।

सरकारको एक सय दिनको उपलब्धि सार्वजनिक गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले अर्थतन्त्रमा सुधारका सङ्केत देखापरेका बताउनुभयो।

प्रधानमन्त्री ओलीले निजी क्षेत्रकै मागबमोजिम अर्थतन्त्र सुदृढीकरणका लागि आर्थिक सुझाव आयोगजस्ता महत्वपूर्ण आयोगको गठनले व्यवसायीमा आत्मविश्वास पलाउँदै गएको बताउनुभयो। उहाँले भन्नुभयो, "अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञ संस्थाबाट नेपालको सार्वभौम साख मूल्याङ्कन (क्रेडिट रेटिङ) को कार्य अन्तिम चरणमा पुगेको छ । लामो समयदेखि गिरेको शेयरबजार प्राकृतिक विपत्तिको प्रतिकूलताका बीचमा पनि प्रगतिकै लयमा छ ।"नेपालमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र भण्डारण क्षमता अभिवृद्धिका लागि भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्म तथा अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पाइपलाइन विस्तार र टर्मिनल भवन निर्माण कार्य अगाडि बढाउन नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसनबीच सम्झौतासम्पन्नभएकोप्रधानमन्त्री ओलीले बताउनुभयो । वस्तु, सेवा र प्रक्रियाको गुणस्तरलाई सुनिश्चित गर्न, मापदण्डको आवश्यकतालाई ध्यानमा राख्दै नेपाल एक्रिडिटेसन सेन्टर सञ्चालनमा ल्याइएको उहाँले उल्लेख गर्नुभयो। यस संस्थाले मुलुकभरका विभिन्न क्षेत्रका गुणस्तर निर्धारण गर्ने संस्थाको कार्यक्षमता, पारदर्शिता र प्रमाणिकताको मापन गर्ने जिम्मेवारी बहन गर्ने छ। चालु आर्थिक वर्षको असोज मसान्तसम्म सङ्घीय सरकारी खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा केही प्रतिशतले वृद्धि भई करिब ३२९ अर्ब रुपैयाँ पुगेको प्रधानमन्त्री ओलीले जानकारी दिनुभयो । कुल राजस्व परिचालन १३ दशमलव ३ प्रतिशतले वृद्धि भई करिब २४८ अर्ब रुपैयाँ पुगेको उहाँले बताउनुभयो।

# क्लब स्तरीय एक दिवसीय क्रिकेटमा सांग्रिलालाई हराउँदै पोखरा सेमीफाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ कार्तिक



गत संस्करणको विजेता सांग्रिला क्रिकेट क्लबलाई ११ रनले हराउँदै पोखरा क्रिकेट क्लब सेमीफाइनलमा प्रवेश गरेको छ।

पोखरामा जारी क्लब स्तरीय एक दिवसीय क्रिकेट प्रतियोगितामा पोखरा क्रिकेट क्लबले रोमाञ्चक जित निकाल्दै अन्तिम चारमा आफ्नो यात्रा तय गरेको हो। कास्की जिल्ला क्रिकेट संघको आयोजनामा जारी 'कास्की जिल्ला अन्तर क्लब स्तरिय एक दिवसिय क्रिकेट च्याम्पियसिप २०८१' को समुहको विजेता बनेको हो । ८१ रनको विजयी लक्ष्य पाएको सांग्रिला १३.५ ओभरमा ६९ रनमा अलआउट हुन पुग्यो । सांग्रिलाका लागि सिबृन श्रेष्ठले ३५ रनको उत्कृष्ट पारी खेलेपनि उनको विकेट पतनसँगै टोली संकटमा परेको थियो। उनले ३४ बलमा ६ चौका र १ छक्काको मद्धतमा ३५ रन बनाएका थिए । उनी बाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंक जोड्न सकेनन् । ओपनर मेघनाथ खनाल १, राकेश गुप्ता ५, अरुण अधिकारी ४, सनम बुढा १ रनमा आउट भए भने, सुदिप पौडेल, विराट दवाडी, सुमिट शेरचन, सागर बस्याल र भुवन रेग्मी शुन्यमै पेभिलियन फर्किए।

पोखराका लागि सुवाष भण्डारीले ७ ओभरमा ३ मेडनसहित १९ रन खर्चेर ४ विकेट लिए। देव शाहले ५.५ ओभरमा ३१ रन खर्चदै ४ र अनिश खड्काले १ विकेट लिए। त्यसअघि पोखरा रंगशालास्थित क्रिकेट मैदानमा टस जितेर ब्याटिङ थालेको पोखरा २७.१ ओभरमा ८० रन बनाउँदा अलआउट हुन पुग्यो । पोखराका लागि ओपनर मुस्कान थापाले १८ रन बनाए । अर्जुन बुढाथोकी १, मनिष भण्डारी ७, सुवाष भण्डारी १२, रोशन पौडेल ११, अनिष खड्का ८, रोहन चन्द २, अमन सुवेदी ४ रनमा आउट भउ भने देव शाह र सागर भुजेल शुन्यमै पेभिलियन फर्किए । सांग्रिलाका लागि भुवन रेग्मीले ६ ओभरमा १ मेडनसहित १९ रन खर्चेर सर्वाधिक ३ विकेट लिए । सिबृन श्रेष्ठ र सुदिप पौडेलले २/२ तथा सुनम बुढा, सागर बस्याल र सुमिट शेरचनले १/१ विकेट लिए । जितसँगै पोखराको कुल ४ अंक रह्यो । सांग्रिला र यस अघि नै बाहिरिएको लेकसाइडको १/१ अंक रहेको छ । १२ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद र पोखरा महानगरपालिकाको सहयोग रहेको छ।

पिएम कपको जिल्ला छनोटको रुपमा समेत रहेको प्रतियोगिताको समुह ए मा सांग्रिला क्रिकेट क्लब, पोखरा क्रिकेट क्लब र लेकसाइड क्रिकेट क्लब रहेका छन् । समुह बि मा माछापुच्छे क्रिकेट क्लब, कास्की क्रिकेट क्लब र लेखनाथ युथ क्रिकेट क्लब रहेका छन् भने समुह सि मा राइजिङ क्रिकेट क्लब, अरण्य ज्योती क्रिकेट क्लब र गण्डकी स्पोर्ट्स क्रिकेट क्लब रहेका छन।

# पीडितले वचत रकम फिर्ता पाउनु पर्दछ–नेता पहारी

**पोखरापत्र संवाददाता**
पोखरा, ७ कार्तिक



नेकपा(एमाले) केन्द्रीय सदस्य एवम् युवा संघ नेपालका इन्चार्ज राजीव पहारीले सहकारी पीडितले वचत रकम पाउनु पर्ने बताउनु भएको छ।

नेकपा एमाले पोखरा १७ को विस्तारीत वैठकमा बोल्दै उहाँले जनताले आफ्नो रगत पसिना खर्चेर संकलन गरेको रकम अपचन गर्नेलाई कानूनी दायरामा ल्याएर पिडीतको वचत फिर्ता गर्न सरकार जिम्मेवार भएर लाग्नु पर्ने जोड दिनुभयो।

नेकपा एमाले सहकारी पीडितको पक्षमा रहेको बताउँदै नेता पहारीले पार्टीप्रतिको घेरा बन्दिलाई निस्तेज बनाउन संगठित भएर लाग्न कार्यकर्तालाई आग्रह गर्नुभयो।

नेकपा एमाले कास्की जिल्ला कमिटी उपाध्यक्ष भेषराज बरालले पछिल्लो समयमा सामाजिक सञ्जालले जनतामा भ्रम श्रृजना गरेको बताउँदै सत्य तथ्यमा आधारित सुचना सम्प्रेषण गर्नुपर्ने आवश्यकता औल्याउनुभयो।

एमाले पोखरा १७ कार्यवाहक अध्यक्ष विक्रम गुरुङको अध्यक्षतामा भएको बैठकमा पार्टी इन्चार्ज सुभाष ढुङ्गाना, पोखरा १७ का वडा अध्यक्ष राधिका शाही योगी लगायतले पार्टीका गतिविधि एवम् विकास निर्माणका बारेमा चर्चा गर्नुभएको थियो।

बैठकले जिल्ला कमिटीका सर्कुलको कार्यान्वयन गर्दै विभिन्न चार्डपर्वका अवसरमा यही १४ गते शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रमको आयोजना गर्ने निर्णय गरेको छ।

# कालिका मन्दिरमा ४५ लाख भेटी सङ्कलन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ कार्तिक

बागलुङ कालिका मन्दिरमा बडादसैंमा असोजमा रु ४५ लाख भेटी सङ्कलन भएको छ।

बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिले असोजमा रु ४५ लाख २७ हजार भेटी तथा अन्य क्षेत्रबाट आम्दानी भएको जनाएको छ।

बडा दसैं र चैते दसैंमा कालिका मन्दिरमा सबैभन्दा बढी भेटी सङ्कलन हुने गरेको छ। दसैंमा मात्रै वर्षभरी हुने भेटीमध्ये ६० प्रतिशत सङ्कलन भएको गुठीका अध्यक्ष कुमार खड्काले बताउनुभयो। असोजमा भेटीमार्फत रु २२ लाख ८० हजार, परेवा बिक्रीबाट रु ११ लाख ३६ हजार दुई सय ५०, सटर भाडा रु तीन लाख ८५ हजार, बोकाको बली शुल्कबाट रु चार लाख चार हजार, चामल बिक्रीबाट रु ९६ हजार सङ्कलन भएको छ। साथै कुखुरा बली शुल्कबाट रु ३० हजार आठ, राँगा बलीबाट रु १८ हजार चार सय, विवाह शुल्क रु १० हजार पाँच सय, आर्थिक सहयोग रु एक लाख ४७ हजार आठ सय ७१, पण्डितबाट प्राप्त शुल्क रु १६ हजार चार सय र व्रतबन्धबाट रु तीन सय आम्दानी भएको समितिका अध्यक्ष खड्काले जानकारी दिनुभयो। साथै असोजमा विभिन्न शीर्षकमा रु १३ लाख ९० हजार खर्च भएको जनाइएको छ। अध्यक्ष खड्काले दिएको जानकारीअनुसार तलब, पूर्वाधार, कर्मचारी सुविधा, पानी, विद्युत्लगायत उक्त रकम खर्च भएको छ। चाडवाडको समयमा कालिका मन्दिर दर्शन गर्नेको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ। दसैंमा मात्रै चार लाख दर्शनार्थी मन्दिर दर्शनका लागि आएको गुठीको तथ्याङ्क रहेको छ। गत चैते दसैंमा पनि रु ४० लाख भेटी सङ्कलन भएको थियो।

# एभरेस्ट एफएमले आउँदो शनिबार आकस्मिक रक्तदान कार्यक्रम गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ कार्तिक

एभरेस्ट एफएमले आगामी शनिबार आकस्मिक रक्तदान कार्यक्रम गर्ने भएको छ।

पोखरामा रगतको अभाव भएपछि पोखरामा देखिएको रगतको अभावलाई पूर्ति गर्न एभरेस्ट एफएमले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत यहि कात्तिक १० गते शनिबार आकस्मिक रक्तदान कार्यक्रम गर्न लागेको हो।

रक्तदान कार्यक्रम विहान ७ बजेदेखि मध्याह्न १२ बजेसम्म चल्ने एफएमले जनाएको छ।

विभिन्न चाडपर्वका कारण नियमित रक्तदान कार्यक्रम नहुँदा पोखरामा रगतको अभाव देखिएको रक्तसञ्चार केन्द्र पोखराले जनाएको छ। क्षेत्रीय रक्तसञ्चार केन्द्र पोखराको अनुरोधमा रक्तदान कार्यक्रम गर्न लागिएको एफएमले जनाएको छ। 'स्वस्थ जीवनका लागि रक्तदान, पुण्यका लागि रक्तदान' भन्ने नाराका साथ आकस्मिक रक्तदान कार्यक्रम आयोजना गर्न लागिएको एभरेस्ट एफएम तथा एभरेस्ट आवाज डटकमका सम्पादक दीपेन्द्र श्रेष्ठले जानकारी दिए।

उनले रगतको अभावमा आहत मनलाई राहत प्रदान गर्न रक्तदानमा सहभागी हुन आग्रह गरे। एफएमले गत वर्ष आफ्नो वार्षिकोत्सवका अवसरमा आयोजना गरेको रक्तदानमा १ सय ८१ युनिट रगत संकलन गर्न सफल भएको थियो। १७ देखि ६५ वर्ष उमेर समूहका ४५ केजी भन्दामाथि तौल भएका स्वस्थ मानिसले रक्तदान गर्न सक्नेछन्। यसअघि ६० वर्षसम्मकाले मात्रै रक्तदान गर्न मिल्ने भनिदै आएका थियो तर पछिल्लो क्रममा ६५ वर्षसम्मकाले रक्तदान गर्नसक्ने जनाइएको छ।

त्यस्तै उच्च रक्तचाप भई औषधी सेवन गरेकालेपनि औषधी सेवनपछि सामान्य रक्तचाप भएको अवस्थामापनि रक्तदान गर्नसक्ने रक्तसञ्चार केन्द्रले जनाएको छ।

रक्तदान गर्नाले शरिरमा नयाँ रक्तकोष उत्पादन भई स्वस्थ बनिने, हृदयघात र क्यान्सरको खतरा कम हुने, क्यालोरी कम भई शरिरको तौल घटाउन सहयोग पुग्ने बताइन्छ।

# राष्ट्रिय पुरुष क्रिकेटका लागि अर्जुनको कप्तानीमा गण्डकीको टोली घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ कार्तिक

नेपाल क्रिकेट सङ्घको आयोजनामा कोशी प्रदेशको विराटनगरमा हुने वाई-वाई पुरुष यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि गण्डकी प्रदेशको टोली घोषणा गरिएको छ।

गण्डकी प्रादेशिक क्रिकेट सङ्घले गण्डकीका स्टार खेलाडी अर्जुन कुमालको कप्तानीमा मङ्गलबार १४ सदस्यीय टोलीको घोषणा गरिएको हो । कुमाल अण्डर १९ राष्ट्रिय टोलीका सदस्यसमेत हुनुहुन्छ। वाई वाई अण्डर १९ राष्ट्रिय क्रिकेट यही कात्तिक १० गतेदेखि सुरु हुँदैछ। प्रादेशिक टोलीको छनोटका लागि सङ्घले गत असोज ७ गते देखि १३ गतेसम्म पोखरा क्रिकेट रङ्गशालामा प्रदेशस्तरीय छनोट प्रतियोगिता सञ्चालन गरेको थियो। तर सो प्रतियोगिता प्रतिकूल मौसमका कारण पूरा सञ्चालन हुन सकेको थिएन। प्रतियोगितामा सहभागी खेलाडीहरुको प्रदर्शन र सहभागी प्रशिक्षकहरुको रायका आधारमा पहिलो चरणमा ३७ खेलाडीहरुलाई बन्द प्रशिक्षणका लागि छनोट गरिएको प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो । असोज अन्तिम साता सञ्चालन भएको बन्द प्रशिक्षणपछि अन्तिम टोलीका खेलाडी चयन गरिएको हो। टोलीमा करन पगेनी, सोहेल कुँवर, बंश क्षेत्री, सुदीप अर्याल, नरेश शाह, अश्विन थापा, किरण भट्टराई, अपरिचित पौडेल, सुजन गौतम, विज्ञान पाण्डे, सुप्रिम सुनार, सिव्रिन श्रेष्ठ र रोहित चन्द रहनुभएको छ। वैकिल्पक खेलाडीमा सरोज खत्री, नितेश गिरी, सोनु यादव र अनिष ताम्राकार हुनुहुन्छ । टोलीको प्रशिक्षकमा रिजन प्रजु र व्यवस्थापकमा अविशेषक ढकाल रहनुभएको छ। गण्डकीको टोली सन्तुलित रहेकाले उपाधिको दावेदार रहेको अध्यक्ष सिग्देलले बताउनुभयो । उहाँले भन्नुभयो, "गण्डकीको टिममा नयाँ र अनुभवी दुवै खेलाडी छन्। टोली सन्तुलित छ । उपाधिको आस गरेका छौं ।" गण्डकीले प्रतियोगिताको आफ्नो पहिलो खेल कात्तिक ११ गते मधेस प्रदेशसँग खेल्नेछ।

# विश्वकप एसिया छनोट खेलका लागि महिला क्रिकेट टोलीको घोषणा

**रासस**
काठमाडौं, ७ कार्तिक

नेपाल क्रिकेट सङ्घ (क्यान) ले आइसीसी यु-१९ महिला टी-२० विश्वकप एसिया छनोट खेलका लागि बुधबार १४ सदस्यीय नेपाली टोलीको घोषणा गरेको छ।

आगामी नोभेम्बर ४ देखि १४ तारिखसम्म संयुक्त अरब इरिमेट्स (युएई) मा हुने उक्त छनोट प्रतियोगिताको लागि पूजा महतोको कप्तानीमा १४ सदस्यीय टोलीको घोषणा गरेको हो। त्यसैगरी छनोट हुने टोलीको अन्य सदस्यीयमा सोनी पाख्रिन उपकप्तान, अलिसा यादव, साना प्रविन, ज्योत्स्निका मरासैनी, कुसुम गोदार, सावित्रा धामी, करिस्मा गुरुङ, मनिषा उपाध्याय, रिया शर्मा, सिमना केसी, स्नेहा महरा, रचना चौधरी र तिर्सना विक छन्। उक्त छनोट प्रतियोगितामा आयोजक युएईसँगै नेपाल, कुबेत र थाइल्याण्ड सहभागी हुनेछन्।


## विपद व्यवस्थापनमा सहयोगी बनौं

- विपदले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं,
- उद्दार, राहत, पुर्नस्थापना, पुनर्लाभ सहभागी बनौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सपनामा मैले देखे जीवन सौन्दर्य हो, व्यूझ्दा मैले पाए जीवन कर्तव्य हो । – फारसी उखान

## सम्पादकीय

# सरकारका १०० दिन

प्रधानमन्त्री केपी शर्मा ओलीले नेतृत्व गरेको सरकारले १०० पूरा गरेको छ। काङ्ग्रेस एमाले दुई ठूला दल मिलेर बनेको सरकारको १०० दिनमा जनतामा उत्साह आउन सकेन । सरकारले १०० दिनमा लक्ष्य लिएकामध्ये ७० प्रतिशत काम गरेको प्रधानमन्त्री ओलीले दाबी गरेका छन् । जनतामा चरम निराशा र आर्थिक स्थिति डामाडोल रहेको अवस्थामा १०० दिनमा भएका कामलाई सन्तोषजनक मान्नुपर्छ ।सरकारको महत्त्वपूर्ण काम १७ वर्षदेखि बाँकी रहेको शान्ति प्रक्रियाको कामलाई निष्कर्षमा पुर्याउन सफल भएको छ । बुधवार पत्रकार सम्मेलन गर्दै प्रधानमन्त्री ओलीले १०० दिनमा सहकारी ठगमाथि कारबाही अगाडि बढेको तथा अर्थतन्त्रमा सुधारको संकेत देखिँदा व्यवसायी उत्साही भएको दाबी गरेका छन ।

सरकारले 'नयाँ भन्दा थालेका कामलाई योजना बनाएर अगाडि बढेको छ। यसैका आधारमा प्रधानमन्त्रीले मन्त्रीसँग कार्यसम्पादन सम्झौता गरेका थिए ।, 'सय दिनभित्र गर्न सकिने कामलाई प्राथमिकतामा राख्दा गर्ने भनिएका २७४ वटा काम थिए। जसमा ७० प्रतिशत अर्थात १८५ वटा काम गरिसकेका छन। गत असार ३० गते सबैभन्दा ठूलो दल नेपाली कांग्रेससँग मिलेर सरकार बनाएको १०० दिनको उपलब्धि सार्वजनिक गर्दै नेकपा (एमाले)का अध्यक्षसमेत रहेका ओलीलेउखु र दुग्ध किसानलाई भुक्तानी गरेको, बिमाको रकम, रासायनिक मल ल्याउने प्रबन्ध र ठेकेदारलाई भुक्तानीसहितको काम गरेको बताए । प्रधानमन्त्री ओलीले सरकारको रफ्तारमा बाढी र पहिरोपछिको बिपत्तिले ब्रेक लगाएको छ । बिपत्तिबाट प्रभावितलाई तत्काल राहत, उद्धार र पीडित परिवारलाई प्रारम्भिक राहतको कार्यक्रम अगाडि बढाएको छ। गत असोजको दोस्रो साता आएको बाढीपहिरोको बिपत्तिमा परी निधन भएका ३९१ व्यक्तिको परिवारलाई २ लाख रुपैयाँका दरले राहत दिइएको उनले जानकारी दिए।

सय दिनमा सरकारले अर्थतन्त्रमा सुधारका संकेत देखिएको दाबी गरेको छ। दुई सय उद्योगमा ३४ अर्ब रुपैयाँको प्रतिवद्धता आएको र शेयर बजार बढेकोलाई सरकारले सुधारको संकेत भनेको छ । भारतको सिलगुढीदेखि झापाको चारआलीसम्म र अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार र टर्मिनल भवन बनाउनका लागि नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसनसँग सम्झौता भएको सरकारको भनाइ छ। संघीय सरकारी खर्च वृद्धि भइ ३२९ अर्ब पुगेको र राजस्व ३ प्रतिशतले वृद्धि भएर २४८ अर्ब पुगेको तथ्य सरकारले प्रस्तुत गरेको छ। यस्तै फास्ट ट्र्याक र सिद्धबाबाको सुरुङको प्रगतिलाई पनि सरकारले उपलब्धि मानेको छ । छिमेक सम्बन्धलाई न्यायोचित राष्ट्रिय हितमा अडिँदै पारस्परिक लाभ र सम्मानका आधारमा अगाडि बढाएको घोषणा प्रधानमन्त्री ओलीको छ।

प्रधानमन्त्री ओलीले सहकारी ठगी गर्नेमाथिको कानूनी कारबाही सरकारको अर्को उपलब्धि मानेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पक्राउ परेकोतर्फ संकत गर्दै ओलीले ६०० भन्दा बढी 'सहकारी ठग'हरू कानूनी कारबाहीमा परेको दाबी गरेका छन् । 'सहकारी ठगी गर्ने व्यक्तिहरूमाथि कानूनी कारबाही अघि बढेको छ। हालसम्म ६०० भन्दा बढीलाई कानूनी कारबाही गरिएको छ । ५७५ भन्दा बढी त जेलमै छन्,' ओलीले भनेका छन्, 'सहकारी ठगलाई कारबाही गर्नेमात्रै होइन बचतकर्ताको बचत फिर्ता आवश्यक पर्ने सहकारी प्राधिकरण ऐन तर्जुमा गर्ने र सहकारी कर्जा सूचना केन्द्र तथा ऋण असुली न्यायाधिकरण स्थापना गर्ने काम पनि सँगसँगै भएको छ ।' प्रधानमन्त्री ओलीले सय दिन सकिए पनि बाँकी अवधिमा गर्ने कामको योजना अब शुरू भएको बताएका छन् । 'सय दिन सकियो, अर्को सय दिन र बाँकी अवधिमा गर्ने कामका योजनाहरू आजबाट शुरू हुन्छन्,' प्रधानमन्त्री ओलीले सम्बोधनको बिट मार्दै भने, 'बितेका सय दिनमा हामीले बिपत्तिका बीच पनि गरेका केही नवीन थालनी स्थिरता, सुशासन र विकासको लक्ष्यतर्फका पाइला चढेका छन।हरेक कुरामा नकारात्मक धारणा राख्ने र विरोध मात्र गर्ने समाजमा ७० प्रतिशत काम हुनु सन्तोष मान्नुपर्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# बाटो खुलेको २५ वर्षपछि कालोपत्र

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ कार्तिक

बेनी नगरपालिका-६को एक्लेपिपलबाट जम्रेनी क्षेत्रमा बाटो खुलेको २५ वर्षपछि सडक कालोपत्र भएको छ । बेनी नगरपालिकाले बेनी-पात्लेखेत सडक आयोजनामार्फत एक्लेपिपलबाट जम्रेनी क्षेत्रको सडक कालोपत्र र ढलानसहित स्तरोन्नति गरेको हो । बेनी-६ का वडाध्यक्ष कृष्णसिंह बानियाँका अनुसार यहाँ २०५६ सालमा सडकको सडक निर्माण गरिएको हो ।

सडक स्तरोन्नति भएपछि आवतजावत गर्न सहज भएको छ । यो सडक निर्माणका लागि गत आर्थिक वर्ष २०८०/८१ मा रु एक करोड ३४ लाख ६६ हजार नौ सय २९ मा निर्माण कम्पनीसँग सम्झौता भएको थियो । सात सय मिटर प्रिमिक्स प्रविधिको कालोपत्र, एक सय २५ मिटर ढलान, सात सय मिटर पानीका निकाका लागि नाली र छ सय मिटर पर्खाल निर्माण भएको छ। यो सडकले बेनी नगरपालिका-६, ९, १० हुँदै रघुगङ्गा गाउँपालिका-५, ६ र ८ नम्बर वडालाई जिल्ला सदरमुकामसँग जोडेको छ। साथै, गण्डकी प्रदेश सरकारको बजेटमा पूर्वाधार विकास कार्यालयले रु १० करोड १६ लाख एक हजार तीन सय ६४ को लागतमा बेनी-पाखापानी सडकको भुतेदैला-नेप्टेचौर-तोरीपान खण्डमा चार किलोमिटर सडक स्तरोन्नति गर्ने आयोजना सञ्चालन गरेको छ । नगरपालिकाले चालु आर्थिक वर्षमा रु तीन करोड बजेट विनियोजन गरेको बेनी-पात्लेखेत सडकको तोरीपानीबाट पात्लेखेततर्फ स्तरोन्नतिको तयारी गरेको नगरप्रमुख सुरत केसीले बताउनुभयो ।

# एउटै वडामा तीनवटा पुल निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ कार्तिक

उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ शिखमा तीनवटा पुल एकैसाथ निर्माण भएका छन् । निर्माण भएकामध्ये एउटा मोटरेबल र दुईवटा झोलुङ्गे पुल हुन् ।

शिखको पोखरेबगर-पाउद्धार सडकअन्तर्गत अन्नपूर्ण गाउँपालिका-५ र ६ मा पर्ने घारखोलामा सङ्घीय सरकारको रु तीन करोड ४८ लाखको लागतमा २५ मिटर लामो मोटरेबल पुल निर्माण भएको हो । निर्माण गरेको हो ।यसैगरी शिखको निरवाङ र किन्द जोड्ने तीन सय ४४ दशमलव आठ मिटर लामो झोलुङ्गे पुल पनि सङ्घीय सरकारकै बजेटमा निर्माण भएको हो । पुलबाट शिख, किन्दु, धोस्केखोरिया, घिरवाङ र पाउद्धारका बासिन्दालाई आवागन सहज भएको छ । यो पुल रु एक करोड ५० लाख लागतमा निर्माण भएको हो । स्वाँतको खोपा खोलामा पनि रु ३० लाखको लागतमा ६० मिटर लामो झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ।

# पाँच हजार चार सय मिटर उचाइको थोराङमा सरसफाइ

**रासस**
म्याग्दी, ७ कार्तिक

विश्व प्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गको सबैभन्दा उच्च स्थानमा रहेको थोराङमा सरसफाइ गरिएको छ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, जिल्ला प्रहरी कार्यालय मुस्ताङ र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय जोमसोमको समन्वयमा समुन्द्री सतहदेखि पाँच हजार चार सय १६ मिटर उचाईमा रहेको थोराङमा सरसफाइ गरिएको हो। वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाका प्रवक्ता प्रमेश गुरुङले मुक्तिनाथदेखि थोराङ फेदीदेखि थोराङ पाससम्म पदयात्रीहरूले फालेका फोहर सङ्कलन र व्यवस्थापन गरिएको जानकारी दिनुभयो । "पदयात्रीहरूको आकर्षण बढेको थोराङको आश्रयस्थलहरूमा थुप्रिएको पलास्टिक, सिसाजन्य फोहरका कारण प्रदूषण बढेपछि सरसफाइ गरिएको हो", उहाँले भन्नुभयो, "कुहिने फोहरलाई खाडल खनेर गाडेका छौँ । पलास्टिक जन्य फोहरलाई जलाएर नष्ट गरेका छौँ । सिसा र धातुजन्य नकुहिने फोहर बोकेर मुक्तिनाथ ल्याएर व्यवस्थापन गरिएको छ ।" करिब २५ देखि ३० बोरा फोहर व्यवस्थापन गरिएको प्रवक्ता गुरुङले बताउनुभयो । वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामग्याल गुरुङ, प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसाल, प्रहरी नायब उपरीक्षक सूर्यबहादुर बोगटीलगायत ४५ जना जनप्रतिनिधि, सुरक्षा अधिकारी, सुरक्षाकर्मी र स्थानीयवासीको टोलीले सरसफाइका लागि मङ्गलबार थोराङ पुगेर आज फर्किएको हो। सरसफाइ टोलीले पदयात्री र पथप्रदर्शकसँग फोहरको सुरक्षित व्यवस्थापनका लागि सचेतनामूलक कार्यक्रम गरेको थियो। अन्नपूर्ण संरक्षण आयोजनाले थोराङमा बनाएको फोहर राख्ने घर भरिएको छ।

गण्डकी प्रदेशको लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी र कास्की जिल्ला समेटिएको अन्नपूर्ण चक्रीय पदमार्गको सबैभन्दा उच्च स्थानमा रहेकाले थोराङलाई साहासिक गन्तव्य मानिन्छ । मनमोहक हिमशृङ्खला, विविधतायुक्त भूगोल, संस्कृति, रहनहसन, धार्मिक तथा वस्तुकला अवलोकन गर्न पाउनु थोराङपासको विशेषता हुन् । आर्थिक वर्ष २०८०/८१ मा १३ हजार नौ सय १० जना विदेशी पर्यटकले थोराङ्ला पास गरेर मनाङ हुँदै मुस्ताङ आएका थिए । चालु आवको साउनदेखि असोज तेस्रो हप्तासम्म थोराङ्ला पार गरेर मुस्ताङ आउने विदेशी पर्यटकको सङ्ख्या दुई हजारभन्दा बढी रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमका प्रमुख प्रमोदराज रेग्मीले बताउनुभयो।

# ट्याक्सी चालकको आफूखुसी भाडा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ कार्तिक

पोखरा जानका लागि मङ्गलबार दिउँसो बेनीको कालीपुल बसपार्कस्थित ट्याक्सी काउन्टरमा पुगेकी मालिका-४ फुलबारीकी कृपा शर्मालाई एक ट्याक्सी चालकले रु चार हजार भाडा मागे। रघुगङ्गा-२ भगवतिकी सोनी थापा भण्डारीले गत आइतबार पोखरा जाँदा ट्याक्सी चालकले रु छ हजार भाडा मागेको मागेको गुनासो गर्नुभयो।

"काउन्टरमा पालो कुरेर बस्ने ट्याक्सीले तोकिएभन्दा बढी भाडा नदिने जान मान्दैनन", शर्माले भन्नुभयो, "काउन्टरमा ट्याक्सी नराख्ने र यात्रुलाई बाध्य बनाएर बढी भाडा तिर्न लगाउँदा हामीलाई मर्का परेको छ ।" बेनी-पोखरा सडकमा सञ्चालन हुने ट्याक्सीका चालकले चाडपर्वका अवसरमा आफूखुसी भाडा तोक्ने गरेको अन्य यात्रुहरुले पनि गुनासो गर्ने गरेका छन् । सरकारले बेनी-पोखरा दूरीका लागि ट्याक्सीका लागि प्रतियात्रु रु आठ सय ५० का दरले भाडादर निर्धारण गरेको छ । चार जना क्षमताको ट्याक्सी रिजर्भ गर्दा अधिकतम रु तीन हजार चार सय भाडा तिर्नुपर्छ। तर ट्याक्सी चालकले भने रिजर्भमा गर्दा रु चार हजारदेखि छ हजार र रिजर्भ नहुँदा प्रतियात्रु रु एक हजार दुई सय ५० देखि रु दुई हजार भाडा लिने गरेको बेनीका कृष्ण खत्रीले गुनासो गर्नुभयो । दसैं तिहारको समयमा यात्रुको चाप र सवारी साधनको अभावको मौका छोपेर बेनी-पोखरा सडकमा जिप र ट्याक्सीले बढी भाडा असुल गरेको उहाँले दाबी गर्नुभयो।

कूल ८३ किलोमिटर दुरीको बेनी-पोखरा सडकमा सेवा दिने दुई सयभन्दा बढी ट्याक्सी छन् । उपचारका लागि अस्पताल, सरकारी कार्यालय, व्यक्तिगत र व्यावसायिक कामले पोखरा जान आउनका लागि म्याग्दीबासीले ट्याक्सी प्रयोग गर्छन् । गण्डकी प्रदेशमा कास्कीपछि म्याग्दीमा धेरै ट्याक्सीको चल्छन् ।

मुस्ताङ र म्याग्दीका विभिन्न पर्यटकीय स्थल घुम्न आउने र फर्कने यात्रुहरुको चाप पनि बढेको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय म्याग्दीका प्रमुख राजकुमार केसीले कालीपुल बसपार्कमा यात्रु सहायता कक्ष सञ्चालन गरेर बढी भाडा असुल गर्ने, यात्रुलाई दुख दिने र सवारी साधन नपाएर अलपत्र परेका सर्वसाधारणलाई सहयोग गर्दै आएको बताउनुभयो। तोकिएको भन्दा बढी भाडा असुल गर्ने सवारी साधनलाई कारबाही पनि भइरहेको केसीले बताउनुभयो । तोकिएभन्दा बढी भाडा असुल गर्ने सवारी साधनलाई रु पाँच सयदेखि एक हजार पाँच सयसम्म जरिवाना तिराउने व्यवस्था रहेको उहाँको भनाइ छ। बेनी-पोखरा सडकमा ट्याक्सी सेवा दिँदै आएको बेनी यातायात प्रालिका सञ्चालक भोजबहादुर थापा (कुमार)ले तोकिएभन्दा बढी भाडा नलिन सचेत बनाएको र त्यस्तो पाइए कारबाहीका लागि प्रहरीलाई सघाउने प्रतिबद्धता जनाउनुभयो । गण्डकी प्रदेशसभा अन्तर्गत अर्थ तथा विकास समितिले चाडपर्वको समयमा बजार अनुगमन, यातायात भाडादरमा हुने ठगी र कालोबजारी नियन्त्रणका लागि सांसद गणेश गुरुङको संयोजकत्वमा उपसमिति गठन गरेको छ।

उपसमितिका सदस्य रहेका म्याग्दीबाट निर्वाचित प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले चाडपर्वको समयमा सार्वजनिक यातायातमा क्षमताभन्दा बढी यात्रु चढाउँदा दुर्घटनाको जोखिमका साथै तोकिएको भन्दा बढी भाडा असुल हुँदा यात्रुहरु मर्कामा परेको पाइएको बताउनुभयो । उहाँले यातायात व्यावसायी, प्रशासन र प्रहरीलाई गुनासोबारेमा जानकारी गराएर कारबाहीको दायरामा ल्याउन निर्देशन दिएको उहाँले बताउनुभयो।

# पर्वतको तिलाहारमा सुविधासम्पन्न प्रसूतिगृह निर्माण

**पोखरापत्र संवाददाता**
पर्वत, ७ कार्तिक

ग्रामीण क्षेत्रका गर्भवतीलाई सुरक्षित रूपमा प्रसूति सेवा उपलब्ध गराउने उद्देश्यले मोदी गाउँपालिका-६ तिलाहारमा सुविधासम्पन्न प्रसूतिगृह निर्माण भएको छ।

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको सहयोगमा रु ९९ लाख १९ हजार नौ सय ५३ को लागतमा भवन निर्माण भएको मोदी गाउँपालिकाकी अध्यक्ष हीरादेवी शर्माले बताउनुभयो । उक्त भवनवाट सेवा सुरु भएपछि आठवटै वडाका साथै कास्कीको अन्नपूर्ण गाउँपालिकाका गर्भवती सुरक्षित प्रसूति सेवाका लागि सदरमुकाम कुश्मा र पोखराका अस्पतालमा जानुपर्ने बाध्यताको अन्त्य हुनेछ।प्रसूतिगृहमा स्त्री तथा प्रसूति रोग विशेषज्ञ चिकित्सकसहित जनशक्ति व्यवस्थापन गरिने जानकारी उहाँले दिनुभयो।

गाउँपालिकाले गर्भवतीका लागि निःशुल्क एम्बुलेन्स सेवा पनि दिँदै आएको छ । पर्वतमा यो बाहेक ३८ वटा बर्थिङ सेण्टर सञ्चालनमा छन् । गत आर्थिक वर्षमा यी सेण्टरबाट पाँच सय ५१ जनाले सुरक्षित प्रसूति सेवा लिएका जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ।

जिल्लाका ९२ वटा स्वास्थ्य संस्थामध्ये २७ वटा भाडाका भवनमा छन् । आफ्नै भवन भएका ६५ वटा स्वास्थ्य संस्था पनि पर्याप्त भौतिक पूर्वाधार, जनशक्ति, खानेपानी नभएकोस्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माको गुनासो छ।

# साफ च्याम्पियनसिप फुटबल खेलमा बङ्गलादेशले भारतलाई हरायो

**रासस**
काठमाडौं, ७ कार्तिक

राजधानीमा जारी साफ महिला च्याम्पियनसिप फुटबलमा भारतलाई पराजित गर्दै बङ्गलादेश प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको खेलमा भारतलाई ३-१ गोलअन्तरले पराजित गर्दै बङ्गलादेश समूह 'ए' को शीर्ष स्थानमा रहँदै प्रतियोगिताको सेमिफाइनलमा पुगेको हो । बङ्गलादेशले दुई खेलबाट चार अङ्क बटुल्दै समूह ए को शीर्षस्थानमा रहेको हो।

समान खेलबाट तीन अङ्क जोडेको भारत पनि समूह ए को उपविजेता बन्दै सेमिफाइनमा पुग्यो । पाकिस्तान भने प्रतियोगिताबाट बाहिरिएको छ। बङ्गलादेशलाई १-१ गोलको बराबरीमा रोकेको पाकिस्तान भारतसँग भने ५-२ ले पराजित भएको थियो । बुधबार बङ्गलादेशको जितमा तोहुरा खातुनले दुई तथा अफिदा खन्दाकेरले एक गोल गरिन् । पराजित भारतका लागि भने बाला देवीले एक गोल फर्काइन् खेलको १९औं मिनेटमा बङ्गलादेशले सुरुआती अग्रता लियो। अफिदाले करिब सिक्स यार्डबाट प्रहार गरेको बलले जाली चुमेको थियो । त्यस्तै खेलको २९औं मिनेटमा बङ्गलादेशले आफ्नो अग्रता दोब्बर पार्न सफल भयो। लामो पासमार्फत आएको बललाई गोल लाइन नजिकबाट तोहुराले गोल गर्दै टोलीको अग्रता दोब्बर बनाएकी हुन् । खेलको ४२औं मिनेटमा तोहुराले व्यक्तिगत दोस्रो तथा टोलीका लागि तेस्रो गोल गरिन् । उनले सामसुनार जुनियरले मिलाइदिएको क्रसलाई सदुपयोग गर्दै गोल गरेकी हुन् । तोहुराले गोल गरको एक मिनेट पनि बित्दै नपाउँदै भारतकी बाला देवीले एक सान्त्वना गोल गरिन्। खेलको विभिन्न समयमा भारतले गोल फर्काउने प्रयास गरे तापनि सफल हुन सकेन।

## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा १० बस्ने श्रीमती भगवती जोशीको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ४ को कित्ता नं. २२७, ३४८ र ३४९ को जम्मा क्षेत्रफल २५२।५० वर्गमिटर भएको जग्गामा पोखरा महानगरपालिका वाट घर नक्सा पास कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. २२४, २२६ उत्तर तर्फ कि.नं.२२८ र दक्षिण तर्फ कि.नं.२२४, २२५ पश्चिम तर्फ बाटोका सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ४ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# पोखराको पर्यटकीय मौसम सुरु, 'अकुपेन्सी' घट्दा व्यवसायी चिन्तित

जमुना वर्षा शर्मा
पोखरा, ७ कार्तिक

हिमशृङ्खला, तालतलैयाका मनमोहक दृश्यले पर्यटकलाई लोभ्याउने पोखरामा पर्यटकीय मौसम सुरु भए पनि पर्यटकको चाप बढ्न नसक्दा पर्यटन व्यवसायी चिन्तित बनेका छन् ।

सामान्यतया अक्टुबर नोभेम्बर पर्यटकीय याम मानिन्छ । विगत वर्षहरूमा ९०/९५ प्रतिशत होटल 'अकुपेन्सी' हुने यो समयमा अहिले पुग-नपुग ४०/४५ प्रतिशतमा सीमित हुँदा व्यवसायीमा निराशा छाएको हो । पोखरा होटल सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले कोभिड महामारीपछि पर्यटन क्षेत्रमा आएको सुस्तताले अहिलेसम्म असर गरिरहेको बताउनुभयो ।

"कोभिड अगाडिको जस्तो अवस्था पर्यटन क्षेत्रमा अझै आउन सकेका छैन, कोभिड पछाडिका केही वर्षमा ७०/८० प्रतिशत अकुपेन्सी हुने होटलहरू अहिले भने आधाआधीमा सिमित छन्", उहाँले भन्नुभयो, "कोभिडले धैरै मुलुकको आर्थिक स्थिति कमजोर बनायो, पर्यटकहरू कम खर्च गर्न बाध्य भए, योसँगै आन्तरिक पर्यटकले पनि खर्च गर्ने क्षमता कम भयो, यसको असर सिङ्गो पर्यटन क्षेत्रले लामो समयदेखि भोगिरहेको छ ।" सुवेदीले अन्तर्राष्ट्रिय विमानस्थल बनेसँगै पर्यटन क्षेत्रमा लगानी बढेको तर सोही अनुपातमा विदेशी पर्यटकको आगमन बढ्न नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "होटल बढे कोठाको क्षमता बढ्यो, तर बाह्य पर्यटकको आगमन बढेन, आन्तरिक र सीमित पर्यटकले ठूलो लगानीलाई धान्न सकेन, त्यसैले व्यवसायीमा चिन्ता थपिएको छ ।"

योसँगै पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नियमित उडान हुन नसक्नु र महँगो टिकट दरले पनि विदेशी पर्यटक आगमनमा बाधा पुऱ्याइरहेको उहाँको भनाइ छ । होटल माउन्ट कैलाशका सञ्चालक नरेश भट्टराईले यो याममा पाहुना राख्न महिना दिन अघिदेखि नै कोठा 'बुक' हुने गरेको स्मरण गर्नुभयो ।

"यो याममा निकै गाह्रो हुन्थ्यो, साथीभाइको फोन त्यस्तै आउँथ्यो, तर अहिले ३०/३५ प्रतिशत अकुपेन्सीमा होटल चलाउनु परेको छ", भट्टराइले भन्नुभयो, "कहिले कोभिड, कहिले जहाज दुर्घटना, कहिले सडक दुर्घटना, बाढीपहिरोलगायत विविध कारणको यस क्षेत्रलाई निरन्तर असर पुऱ्याएको छ ।" उहाँले पोखरालाई सुरक्षित गन्तव्य बनाउन पूर्वाधार र विश्वसनीय व्यवस्थापनको सुधार आवश्यकता रहेको बताउनुभयो । सडक, होटल र अन्य पूर्वाधार सुधार गरी सुरक्षित तथा सहज यात्रा सुनिश्चित गर्नुपर्ने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "मौसम खुल्दै गएको छ, फेवातालको छेउछाउबाट हिमालका सुन्दर दृश्य अवलोकन गर्न र साहसिक गतिविधिमा रमाउने उत्तम समय हो, तर रमाउने पर्यटक नै पर्याप्त छैनन् ।"

टिका रिसोर्टका सञ्चालक एवं नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्टस् गण्डकीका उपाध्यक्ष सङ्गीता पौडेलले विविध कारणले पर्यटन क्षेत्र सुस्ताउँदै गएको र पछिल्ला वर्षहरूमा अपेक्षित चहलपहल बढ्न नसक्दा व्यवसायी तथा स्थानीय अर्थतन्त्रमा समेत ठूलो असर पारेको बताउनुभयो । "हिमाल खुलेका छन्, वातावरण शान्त छ, तर यो रमाइलो वातावरणमा रमाउने पर्याप्त पर्यटक छैनन्", उहाँले भन्नुभयो । पौडेलले यो यामको समय पनि ३०/४० प्रतिशतको अकुपेन्सीमा होटल चलाएर बस्नु बाध्यता भएको सुनाउनुभयो ।


पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले अन्तर ाष्ट्रिय विमानस्थल निर्माण, पर्यटकीय राजधानी घोषणालगायतले व्यवसायीलाई उत्साह थपे पनि सोचेअनुरुप गतिविधि हुन नसक्दा यो याममा पनि व्यवसायी सुस्ताएर बस्नु परेको बताउनुभयो । उहाँले भन्नुभयो, "पर्यटकीय राजधानी त भन्यौं, तरआवश्यकपूर्वाधारलगायत प्रचारप्रसारदेखि प्रवर्द्धनात्मक काम प्राथमिकताका साथ हुन सकेनन्, पर्यटन निजी क्षेत्रको प्रयासले मात्र हुँदैन, यो एकीकृत सोच, साझा प्रयासले मात्र सम्भव हुन्छ ।" उहाँले पर्यटकको आगमन बढाउन सरकारले पर्यटन नीति ल्याउनुपर्ने र त्यसको कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो । वायुसेवा प्रदायक कम्पनीसँगको सहकार्यमा टिकट दर सस्तो बनाउनुपर्ने, अन्तर्राष्ट्रिय प्रचार, डिजिटल मार्केटिङमार्फत पोखरालाई साहसिक र सांस्कृतिक पर्यटन गन्तव्यका रूपमा विश्वभर प्रचार गर्न सके पोखराको पर्यटनले छिट्टै गति लिने उहाँको विश्वास छ ।

सरकार र निजी क्षेत्रबीच समन्वय कमजोर हुँदा पोखराले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी गन्तव्यका रूपमा आफूलाई स्थापित गर्न नसकेको र पर्यटकको आगमन घटेको ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्ण आचार्य बताउनुहुन्छ । "यो पर्यटकीय मौसममा समेत पोखराको पर्यटनमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन, विशेषगरी पदयात्रा गतिविधिमा पर्यटकको सङ्ख्यामा ठूलो गिरावट आएको छ, पदमार्गहरू मोटरेबल बाटोले विस्थापित भए", उहाँ भन्नुहुन्छ । उहाँले विश्व प्रसिद्ध अन्नपूर्ण पदमार्ग संरक्षण व्यवस्थापन, प्रचारप्रसारमा सरकारको पर्याप्त चासो नपुगेको र निजी क्षेत्रको पहलले मात्र सम्भव नभएको उहाँको भनाइ छ । उहाँले बाह्य र आन्तरिक पर्यटक पदयात्राका लागि आए मात्र पोखराको पर्यटनले गति लिने र होटल तथा लजमा अकुपेन्सी दर बढ्ने बताउनुभयो । पोखराको पर्यटनलाई पुनर्जीवित गर्न आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटकलाई आकर्षित गर्न विशेष प्याकेज तयार गर्नुपर्ने उहाँको भनाइ छ । पोखरा महानगरले पर्यटनको दिगो विकास र अन्तर्राष्ट्रियस्तरमा यसको प्रचारलाई प्राथमिकतामा राख्दै विशेष योजना अघि सारेको महानगर प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो । आचार्यले भन्नुभयो, "'पोखरा भिजिट इयर २०२५' लाई लक्षित गरी नीति तथा कार्यक्रम निर्माण गरिएको छ, जसले दिगो योजना, अन्तर ाष्ट्रिय प्रचार र आन्तरिक पर्यटन प्रवर्द्धनलाई समेटनेछ ।"

उहाँले पोखरालाई बैठक, प्रोत्साहन भ्रमण, सम्मेलन र प्रदर्शनीका लागि उत्कृष्ट गन्तव्यका रूपमा विकास गर्न लागिएको जानकारी दिनुभयो । यसै क्रममा तीन ठूला अन्तर्राष्ट्रिय कार्यक्रम पोखरामा आयोजना हुने तयारी भइरहेको र पर्यटन सधैँ चलायमान तथा सक्रिय रहोस् भन्ने लक्ष्यका साथ महानगरले विशेष गृहकार्य गरिरहेको उहाँको भनाइ छ ।

मुग्लिन-पोखरा राजमार्गको निर्माण कार्य सन् २०२५ डिसेम्बरसम्म पूरा हुने र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडान सोही अवधिपछि सुनिश्चित हुने उहाँको विश्वास छ । उहाँका अनुसार स्थानीय कला, संस्कृति, ग्रामीण जीवनको अनुभव र हरित पर्यटन अवधारणामा आधारित वातावरणमैत्री कार्यक्रमलाई लागू गदै पर्यटकलाई नयाँ अनुभव प्रदान गर्ने योजना बनाइएको छ ।

लेकसाइड, ड्यामसाइड र पोखरा आसपासमा गरेर एक हजार दुई सय बढी पर्यटकीय स्तरका होटल छन् । त्यसमा ४० हजार पाहुना राख्ने क्षमता छ । पर्यटन क्षेत्रमा रु छ खर्ब बढी लगानी र होटलमा मात्र रु पाँच खर्ब लगानी रहेको होटल सङ्घका अध्यक्ष सुवेदीको दाबी छ । प्रत्यक्ष १५ हजार व्यक्तिले रोजगार पाएको पर्यटन क्षेत्रमा पर्यटकको आगमनको सुस्तताले धेरैलाई असर गरेकाले सरकार, निजी क्षेत्र र स्थानीय समुदायबीचको सहकार्यबाट मात्रै यी चुनौती समाधान गर्न तथा पोखरालाई फेरि आकर्षक र सुरक्षित गन्तव्यका रूपमा स्थापित गर्ने व्यवसायीको विश्वास छ ।



मुक्तिनाथमा भक्तजनः
मुस्ताङको धार्मिक पर्यटकीयस्थल मुक्तिनाथमा दर्शन र पूजा आराधनाका गर्न पुगेका पर्यटक । तस्बिरः कमल खत्री/रासस

# मिस पोखराको ग्राण्ड फिनाले शनिबार

पोखरापत्र संवाददाता
पोखरा, ७ कार्तिक

मिस पोखरा २०२४ को ग्राण्ड फिनाले आगामी शनिबार हुने भएको छ ।

पोखरा जेसिजको आयोजनामा हुने प्रतियोगितामा १७ जना फाईनल चरणमा प्रवेश गरेका छन् । ६ वर्ष पछि पोखरा जेसिजले गरेको मिस पोखराको ग्राण्ड फिनाले पोखरा कार्तिक १० गते सभागृहमा हुने आयोजक संस्था पोखरा जेसिजले जनाएको छ। मिस पोखराको ताज पहिरिन १७ जना प्रतिश्पर्धीले आ-आफ्नो तयारी गरिरहेका छन् । भोटिङ खुला भएसँगै आफूलाई जिताउन सामाजिक संजालमा आग्रह समेत गरिरहेका छन् । कन्सटेन्टेन नम्बर १२ कि ईशा पराजुलीले




आफुलाई भोट गरी मिस पोखरा बन्ने अवसर प्रदान गरिदिन आग्रह गरेकि छिन् । पोखरा ३ नदिपुर निवासी पराजुली नेपाल मणिपाल शिक्षण अस्पतालमा स्टाफ नर्सिङ्गमा अध्ययनरत छिन् । पराजुलीलाई खल्ती एपमा गएर भोट गर्न सकिने छ । पोखरा जेसीजले सन् १९७५ देखि समाज रुपान्तरण र युवाहरुको सशक्तिकरणमा महत्वपूर्ण योगदान दिँदै आएको छ, र यो प्रतियोगिता पनि त्यही उद्देश्यलाई अघि बढाउँदै गरिएको हो । मिस पोखरा २०२४ लाई थप भव्य बनाउन, पोखरा जेसीजले प्रतिष्ठित इभेन्ट म्यानेजमेन्ट कम्पनी इभेन्ट्स फर यू प्रा.लि. सँग सहकार्य गरेको छ। कार्यक्रमको व्यवस्थापन विशाल गुरुङको नेतृत्वमा इभेन्ट्स फर यू को टिमले गरिरहेको छ ।

पोखरा जेसीजले आफ्नो बहुप्रतीक्षित वार्षिक कार्यक्रम, मिस पोखरा २०२४ पोखराका युवतीहरूको व्यक्तित्व, क्षमता, र नेतृत्व विकासमा केन्द्रित छ ।

# काजी रोशन साहित्य पुरस्कार 'फरैना'लाई

पोखरापत्र संवाददाता
गण्डकी, ७ कार्तिक

धवलागिरि साहित्य प्रतिष्ठान, बागलुङले यस वर्षको 'काजी रोशन साहित्य पुरस्कार' दाङ, घोराहीका लेखक सन्तोष श्रेष्ठको उपन्यास 'फरैना'लाई प्रदान गरेको छ ।

रु २५ हजार राशिको उक्त पुरस्कार आज आयोजित एक समारोहबीच साहित्यकार एवं कलाकार गङ्गा सुवेदी, बागलुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद सुवेदी र प्रतिष्ठानका अध्यक्ष काजी रोशनले संयुक्त रुपमा प्रदान गर्नुभयो । विसं २०४४ देखि प्रदान गरिँदै आएको उक्त पुरस्कारबाट यसअघि १६ जना साहित्यकार सम्मानित भइसक्नुभएको छ ।

सोही समारोहमा प्रतिष्ठानद्वारा स्थापित 'बम-सरस्वती स्मृति पुरस्कार'बाट साहित्यकार एवं अभिनव साहित्य समाज, काठमाडौँका अध्यक्ष गोविन्दप्रसाद घिमिरे 'बेदमणि'लाई पुरस्कृत गरिएको छ । त्यस्तै ' हिमलाल-मन्धरा स्मृति पुरस्कार' कपिलवस्तुका साहित्यकार हरिराज शर्मा 'हरिश'लाई प्रदान गरियो । दुवै पुरस्कारको राशि जनही रु. १५ हजार रहेको प्रतिष्ठानका प्रबन्ध समितिका सदस्य हरिप्रसाद पाण्डेयले जानकारी दिनुभयो ।

प्रतिष्ठानका अध्यक्ष काजी रोशनलाई केही समयअघि धनकुटास्थित गर्गाचार्य विश्वभाषा सामुदायिक पुस्तकालयद्वारा रु. १५ हजार राशिको 'मधुश्री विशिष्ट साहित्य पुरस्कार' प्रदान गरिएको थियो । अध्यक्ष रोशनले पुरस्कारको उक्त रकम प्रतिष्ठानको कोषमा रहने गरी प्रतिष्ठानका सदस्य सचिव राम थापा 'अविरल'लाई हस्तान्तरण गर्नुभएको थियो । उहाँले प्राप्त गरेका हरेक पुरस्कार र सम्मान रकम प्रतिष्ठानको कोषमा जम्मा गर्दै आउनुभएको छ । विसं २०४१ मा स्थापित प्रतिष्ठानले विभिन्न पुरस्कार कोष सञ्चालनका साथै विविध साहित्यिक गतिविधि सञ्चालन गर्दै आएको छ । उक्त समारोहमा बागलुङका प्रजिअ नेत्रप्रसाद सुवेदी 'प्रयास'को कविता कृति 'प्रयासका कविता' विमोचन गरिएको छ । उक्त कविताकृतिमाथि सह-प्राध्यापक हरिप्रसाद गौतमज्यूले समीक्षात्मक टिप्पणी राख्नुभएको थियो । प्रमुख अतिथि विराटनगरका साहित्यकार एवं कलाकार गङ्गा सुवेदीलाई प्रतिष्ठानद्वारा अभिनन्दन गरिएको अध्यक्ष काजी रोशनले जानकारी दिनुभयो । प्रतिष्ठानको ३० औं वार्षिकोत्सवको सन्दर्भ पारेर पुरस्कार प्रदान, पुस्तक विमोचनलगायत कार्यक्रम एकै मञ्चमा गरिएको उहाँको भनाइ छ । सोही अवसरमा बुटवलका कलाकार विष्णुप्रसाद सुवेदीको एकल चित्रकला प्रदर्शनी गरिएको थियो । प्रमुख अतिथि सुवेदीले नेपाली कला, भाषा र साहित्यको उत्थानमा धवलागिरि साहित्य प्रतिष्ठानले पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो ।

# पाक्न लागेको धान असिनापानीले सखाप

रासस
गण्डकी, ६ कार्तिक

आइतबार साँझ एकाएक भएको असिनासहितको वर्षाले म्याग्दीका विभिन्न ठाउँको धानखेतीमा असर परेको छ ।

कतिपय ठाउँ फूल खेल्दै गरेको, कतिपय ठाउँमा पाक्न लागेको तथा कतिपय ठाउँमा काटेर खेतमा नै सुकाएको धानमा असिनापानीले क्षति गरेको किसानले बताएका छन् । असिनापानीले धान बालीमा क्षति पुऱ्याएपछि कृषि प्राविधिकसहित जनप्रतिनिधिको टोली क्षतिको विवरण सङ्कलन गर्न किसानका खेतखेतमा पुगेका छन् ।

असिनापानीले सबैभन्दा बढी क्षति ज्यामरुककोटमा पुऱ्याएको बेनी नगरपालिका-२ का वडाअध्यक्ष यामबहादुर कार्कीले बताउनुभयो । "अहिले हामी क्षतिको विवरण सङ्कलन गर्न किसानका खेतखेतमा पुगेका छौँ, अधिकांश ठाउँमा धानको दाना झरेर पराल मात्र बाँकी रहेको भेटिएको छ, किसानहरू अहिले दाना झरेर बाँकी रहेको पराल काटिरहेका छन्, केही दिनभित्र क्षतिको पूरै विवरण सङ्कलन हुन्छ", वडाअध्यक्ष कार्कीले भन्नुभयो । असिनापानीले



जिल्लाको बेनी-२ ज्यामरुककोटको सानालेख, गौश्वारा, तमाने, फापरखेत, खबरा, बगरफाँट, वडा नं ३ भकिम्लीको तोराखेत, वडा नं १ को अर्जम, रत्नेचौरलगायत ठाउँमा काटेर खेतमा सुकाएको र काट्न बाँकी रहेको धानबालीमा क्षति पुऱ्याएपछि किसान चिन्तित बनेका बेनी नगरपालिका-२ का वडा सदस्यसमेत रहनुभएका चन्द्रकान्त रिजालले बताउनुभयो । उहाँका अनुसार असिनाले खेतमा रहेको धानको ८० प्रतिशत दाना झारेर नष्ट गरेको छ । रिजालका अनुसार असिनासहितको वर्षाले झाँट्नका लागि ठिक्क पारेको धान खेतमा नै झारिदिएको छ । त्यसैगरी, नकाटेको धानका बोट ढालेको छ । दाना सबै झरेर पराल मात्र बाँकी रहेको स्थानीय किसान सन्तबहादुर नेपालीले बताउनुभयो । भित्र्याउने समयमा पानीले क्षति पुऱ्याइदिए पछि किसान चिन्तित अवस्थामा पुगेको बेनी-२ सानालेखका नारायण शर्माले बताउनुभयो ।

"धानको बोट ठाडो एउटा पनि छैन, सबै सोत्तर भएको छ, खेतैभरि पानी भरिएको छ", उहाँले भन्नुभयो, "एकदुई दिनमै काटेर थन्क्याउने बेलाको धान पानीले सखाप पारिदिएपछि अब वर्षभरि के खाने हो ?" जिल्लाको ज्यामरुककोट, खबरा, बगरफाँट, पुलाचौर, सीम, बाबियाचौर, अर्मनलगायत ठाउँमा लगाएको क्षति पुगेको किसानले बताएका छन् ।

विगतमा पनि यही समयमा असिना र वर्षाका कारण क्षति बेहोर्दै आएका कृषक यस वर्ष पनि यही बेलामा क्षति भोग्न बाध्य भएका हुन् । विगतका वर्षको तुलनामा यस वर्ष अधिकांश ठाउँमा धानखेती निकै सप्रिएको र उत्पादन बढ्ने अनुमान गरिएकामा उच्च क्षेत्रमा भने असिनासहितको वर्षाले असर गरेको हो । "असिना र वर्षाले धान नै झारेको छ, चर्को हावाले ठाडो धान नै खेतैमा सुताएको छ", बेनी-२ का कृषक मोहन कार्कीले भन्नुभयो, "पाक्ने बेलाको धानमा असिना परेपछि खेतमै झरेको छ ।" कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख सञ्जीव वास्तोलाले जिल्लाका स्थानीय तहहरूले क्षतिको विवरण सङ्कलन गर्ने काम गरिरहेकाले एकीकृत तथ्याङ्क कार्यालयमा नआइपुगेको बताउनुभयो ।

कृषकहरूले पनि सुरुमा स्थानीय तहमा नै गुहार्ने भएकाले ज्ञान केन्द्रमा क्षतिको विवरण नआएको भन्दै उहाँले जिल्लाका धेरै ठाउँमा धान खेतमै ढलेका भने देखिरहेको जानकारी दिनुभयो । कतिपय जातका धान अब भित्र् याउनका लागि पाकेर तयार हुनै लागेकाले असिना र वर्षाले धान बोटबाटै झरेर खेतभर हुँदा उत्पादनमा ह्रास आउनसक्ने प्रमुख बाँस्तोलाले बताउनुभयो ।

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/०८)

**उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, मनाङ जिल्लाको डिभिजन वन कार्यालयद्धारा मनाङ जिल( ला भित्र रहेका वनहरु व्यवस्थित गर्ने आवधिक योजना सहितको रणनीतिक योजना कार्यान्वयन गर्न लागिएको हुँदा उक्त कार्यसँग सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयारीको लागि सार्वजनिक सुनुवाई कार्याक्रम हुन गइरहेको हुदाँ निम्न बमोजिमको मिति, समय र स्थानमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।**

**मितिः २०८१/०७/१२ गते सोमबार**
**समयः बिहान ११:०० बजे**
**स्थानः नासो गाउँपालिका वडा नं.-३ धारापानी**

**आयोजक**
**डिभिजन वन कार्यालय, मनाङ**
**चामे, मनाङ, सम्पर्क नं. ०६६-४४०१४०**